# राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०८२

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

सिंहदरबार, काठमाडौं

## राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०८२

सर्वाधिकार © नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

### सर्वाधिकार सुरक्षित

यो निर्देशिका वा निर्देशिकाको कुनै पनि अंश नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको लिखित अनुमति लिएर मात्र मुद्रण वा उत्पादन गर्न पाइने छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

**डा. सुधा गौतम**
**मन्त्री**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**सिंहदरबार, काठमाडौं, नेपाल**

**Dr. Sudha Gautam**
Minister
**Ministry of Health & Population**
Singhadarbar, Kathmandu, Nepal



**पत्र संख्याः**/Let. No.:
**चलानी नम्बरः**/Ref. No.:

## मन्तव्य

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानीमा नागरिकको पहुँच सुनिश्चित गर्नु स्वास्थ्यको आधारभूत पूर्वशर्त हो। खानेपानीको कारण उत्पन्न हुने झाडापखाला, हैजा, टाइफाइड, हेपाटाइटिस जस्ता रोगहरू अझै पनि हाम्रो जनस्वास्थ्यका प्रमुख चुनौतीका रूपमा विद्यमान छन्। यस सन्दर्भमा "राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका २०८२" तयार हुनु एक महत्त्वपूर्ण उपलब्धि हो।

यो निर्देशिकाले खानेपानी गुणस्तर निगरानीलाई संघ, प्रदेश र स्थानीय तहमा भूमिका, जिम्मेवारी स्पष्ट पारी समन्वयलाई थप सुदृढ गर्न मार्ग प्रशस्त गरेको छ। खानेपानी मन्त्रालय, कृषि तथा पशपंक्षी मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतका निकायहरूको खानेपानीको गुणस्तर सुनिश्चित गर्न, सहकार्य र समन्वयबाट नेपाली जनताको मौलिक हकको रुपमा रहेको सुरक्षित खानेपानीको हक प्रत्याभूत गर्न, सेवा प्रदायकबाट वितरण हुने खानेपानीको गुणस्तर सुनिश्चित गर्न र निगरानी प्रणालीलाई संस्थागत गर्न यस निर्देशिकाले महत्त्वपूर्ण मार्गदर्शन प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु।

खानेपानी गुणस्तर निगरानीबाट प्राप्त हने तथ्याङ्कलाई SORMAS सूचना प्रणालीमा आबद्ध गर्दै तथ्यमा आधारित निर्णय प्रक्रिया सुदृढ हुने र सुरक्षित खानेपानी मार्फत स्वस्थ नागरिक र समुन्नत राष्ट्र निर्माणतर्फ यो निर्देशिका प्रभावकारी मार्गदर्शक बन्नेछ भन्ने दृढ विश्वास व्यक्त गर्दछु।

यस निर्देशिका तयार पार्न सक्रिय भूमिका निर्वाह गर्नुहुने स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, खानेपानी मन्त्रालय, कृषि तथा पशुपन्क्षी मन्त्रालय, साझेदार संघ संस्था लगायत सम्पूर्णमा धन्यवाद दिन चाहन्छु।

**२०८२ पौष**

डा. सुधा गौतम शर्मा
मन्त्री

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

नेपाल सरकार

**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**

(..............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२२३५८०

सिंहदरबार,
काठमाडौं, नेपाल।


प्राप्त पत्र संख्याः

पत्र संख्याः

चलानी नं:

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सिंहदरबार, काठमाडौं



**विषयः शुभकामना मन्तव्य**

खानेपानी गुणस्तर निगरानी जनस्वास्थ्य सुरक्षाको एक महत्त्वपूर्ण आधार हो। खानेपानीको स्रोतदेखि उपभोग विन्दु सम्म खानेपानीको गुणस्तर कायम राख्ने स्पष्ट मापदण्ड, नियमित निगरानी र तथ्यमा आधारित निर्णय अपरिहार्य हुन्छ। खानेपानी तथा सरसफाई नियमावली २०८१ ले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको निकायलाई खानेपानी गुणस्तर निगरानीका लागि तोकेको सन्दर्भमा "राष्ट्रिय खानेपानी गुणस्तार निगरानी निर्देशिका, २०८२" समयसापेक्ष र अत्यावश्यक दस्तावेजका रूपमा प्रस्तुत भएको छ।

खानेपानी मन्त्रालयको राय र सम्मतिमा तयार भएको यस निर्देशिकाले संघीय संरचनामा खानेपानी गुणस्तर निगरानीलाई संस्थागत गर्ने स्पष्ट मार्गचित्र प्रदान गरेको छ। निर्देशिकाले खानेपानी गुणस्तर निगरानीका लागि अपनाउनुपर्ने चरणहरूलाई स्पष्ट रूपमा लिपिवद्ध गरेको छ जसले देशभरमा खानेपानी गुणस्तर निगरानी प्रणालीमा एकरुपता कायम गर्नेछ।

यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनले संघ,प्रदेश र स्थानीय तहबीच समन्वय सुदृढ भई खानेपानी गुणस्तरमा सुधार आउने विश्वास लिएको छु। मन्त्रालयको तर्फबाट आवश्यक नीति, स्रोत व्यवस्थापन तथा प्राविधिक सहयोग निरन्तर उपलब्ध गराइने प्रतिवद्धता व्यक्त गर्दै सबै सरोकारवाला निकायहरूको सक्रिय सहभागिताबाट सुरक्षित खानेपानी सुनिश्चित हुने र जनस्वास्थ्य संरक्षणमा ठोस योगदान पुग्ने अपेक्षा गर्दछु।

२०८२ पौष

डिल्लीराम शर्मा
सचिव

**डिल्ली राम शर्मा**
सचिव

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
(...............................................शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२२३५८०

सिंहदरबार,
काठमाडौं, नेपाल।

प्राप्त पत्र संख्याः
पत्र संख्याः
चलानी नं:



**विषयः शुभकामना मन्तव्य**

जनस्वास्थ्य सेवा ऐन, २०७५, खानेपानी तथा सरसफाई ऐन, २०७९ तथा खानेपानी तथा सरसफाइ नियमावली, २०८१ को मर्मअनरुप तयार गरिएको "राष्ट्रिय खानेपानी गणस्तर निगरानी निर्देशिका २०८२" ले खानेपानी गुणस्तरलाई सुनिश्चित गरी जनस्वास्थ्य प्रवर्धन तथा पानीजन्य रोगहरूको रोकथाम एवम् नियन्त्रणका लागि महत्त्वपूर्ण भूमिका खेल्ने छ। यस निर्देशिकाले खानेपानी गुणस्तर निगरानीका प्रक्रिया, परीक्षण मापदण्डहरू, अभिलेख तथा प्रतिवेदन प्रणालीलाई स्पष्ट पारेको छ। संघीय संरचना अनुसार यसमा समेटिएका संघ, प्रदेश र स्थानीय तह बीचको भूमिका, समन्वय संयन्त्र तथा समितिगत व्यवस्थाले निर्देशिकालाई कार्यान्वयनमैत्री बनाएको छ।

पानीजन्य रोगको नियमित विश्लेषण, जोखिममा आधारित नमूना परीक्षण, विपद् तथा प्रकोपको समयमा गर्नुपर्ने विशेष निगरानी र सरसफाइ निरीक्षणलाई एकीकृत रूपमा सञ्चालन गर्न मद्दत पुर्‍याउनुका साथै निर्देशिकाको प्रभावकारी कार्यान्वयनले पानीजन्य रोगको प्रकोप घटाउन र दिगो विकास लक्ष्यहरू हासिल गर्न महत्त्वपूर्ण योगदान पुर्‍याउने करामा विश्वस्त छु।

अन्त्यमा यस निर्देशिका निर्माणमा संलग्न सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस निर्देशिकाको सफल कार्यान्वयनको शुभकामना व्यक्त गर्दछु।

-----------------------------
डा. विकास देवकोटा
सचिव
२०८२ पौष

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०८२

**<u>प्रस्तावना</u>**ः स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने नागरिकको मौलिक अधिकारलाई सूनिश्चित गरी खानेपानीको कारणबाट हुन सक्ने रोगहरूबाट नागरिकलाई जोगाउन खानेपानी तथा सरसफाई नियमावली २०८१ को नियम ६८ को उपनियम ३ ले खानेपानी निगरानी गर्ने जिम्मेवारी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको निकायलाई तोकिएको र खानेपानी गुणस्तरको निगरानी गरी समयमै सतर्कता अपनाउन र आवश्यकता अनुसार प्रतिकार्य गर्न बाञ्छनीय भएकोले,

जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस निर्देशिकाको नाम "राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:

क) **"खानेपानी"** भन्नाले पिउन, खाना बनाउन तथा व्यक्तिगत सरसफाई गर्न प्रयोग गरिने प्रचलित कानुन बमोजिम तोकिएको मापदण्ड बमोजिमको खानेपानी सम्झनुपर्छ।

ख) **"खानेपानी गुणस्तर अनुगमन"** भन्नाले प्रयोग भईरहेको खानेपानी, स्वीकृत मापदण्ड अनुरुप छ /छैन भन्ने कुराको सुनिश्चित गर्न सेवा प्रदायक आफैले वा नियामक निकायबाट गर्ने खानेपानी गुणस्तर अनुगमन कार्यलाई सम्झनु पर्छ।

ग) **"खानेपानीजन्य रोग"** भन्नाले प्रदुषित खानेपानीको प्रयोगबाट मानव स्वास्थ्यमा देखिने रोगहरू बुझ्नुपर्छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

घ) **"खानेपानी प्रणाली वा सेवा"** भन्नाले सुरक्षित पानी वितरण गर्न प्रयोग हुने पाईप, डिप बोरिंग, स्यालो ट्युबवेल, वर्षातको पानी संकलन र वितरण साथै खानेपानी मुहान संरक्षण गर्न बनाइने संरचना सम्झनु पर्छ।

ङ) **"खानेपानी सुरक्षा योजना"** भन्नाले सेवा प्रदायकले सुरक्षित र गुणस्तरीय खानेपानीको सुनिश्चितता गर्न मुहान क्षेत्र देखि उपभोक्ताको उपभोग विन्दुसम्म खानेपानीको गुणस्तर कायम गर्न अवलम्बन गरिने व्यवस्थित क्रियाकलापहरू सम्झनु पर्छ।

च) **"नमूना परीक्षण"** भन्नाले उपयुक्त विधि र प्रक्रिया अवलम्वन गरी समय समयमा खानेपानीको नमुना संकलन गरी परीक्षण किट वा प्रयोगशालामा गरिने मापदण्ड अनुसारको पानीको गुणस्तर परीक्षणलाई सम्झनु पर्छ।

छ) **"निगरानी"** भन्नाले सेवा प्रदायकहरूबाट वितरित खानेपानीको गुणस्तर स्वास्थ्यको दृष्टिकोणले सुरक्षित, ग्राह्य र जोखिम रहित छ/छैन भनी स्वतन्त्र रुपमा गरिने लेखाजोखालाई सम्झनु पर्छ।

ज) **"निगरानी गर्ने निकाय"** भन्नाले संघीय तहमा स्वास्थ्य सेवा विभाग मातहतको ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, प्रदेश तहमा स्वास्थ्य निर्देशनालय र जन/स्वास्थ्य /सेवा कार्यालय तथा स्थानीय तहमा स्वास्थ्य विभाग/महाशाखा/शाखा वा आधारभूत अस्पताल वा तोकिएको स्वास्थ्य संस्था सम्झनु पर्छ।

झ) **"नियामक निकाय"** भन्नाले संघीय स्तरमा खानेपानी तथा ढल व्यवस्थापन विभाग र मातहतका कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका कार्यालय, काठमाडौं उपत्यका भित्रका लागि काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, प्रदेश तहमा खानेपानी हेर्ने मन्त्रालय र मातहतका डिभिजन कार्यालय र स्थानीय तहमा खानेपानी तथा सरसफाई विभाग/महाशाखा/शाखा सम्झनु पर्छ।

ञ) **"प्रणाली रहित खानेपानीको स्रोत"** भन्नाले घरेलु स्तरमा खानेपानी प्रयोजनका लागि प्रयोग गरिने कुवा, बोरिंग, कुलो, ढुङे/प्राकृतिक धारो वा अन्य खुल्ला स्रोतहरू बुझ्नुपर्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

ट) **"प्रशोधित खानेपानी"** भन्नाले उपयुक्त विधिद्वारा प्रशोधन गरी बोतल वा जारमा सिलवन्दी गरी लेबल लगाई वितरण गरिने खानेपानी सम्झनु पर्छ। सो शब्दले Water Vending Machine / Water ATM बाट प्राप्त हुने खानेपानी लाई पनि जनाउँछ।

ठ) **"महत्त्वपूर्ण बिन्दु (Critical Point)"** भन्नाले प्रणाली रहित खानेपानी स्रोतको हकमा कुवा, ईनार, तथा खानेपानी संकलन गरिएको भाँडा र खानेपानी प्रणालीको हकमा प्रसारण लाईनको अन्तिम धारा सम्झनु पर्छ।

ड) **"महाशाखा"** भन्नाले ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा सम्झनु पर्छ।

ढ) **"विभाग"** भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनु पर्छ।

ण) **"समन्वय समिति"** भन्नाले दफा २६ बमोजिमको संघीय खानेपानी गुणस्तर निगरानी समन्वय समिति सम्झनु पर्छ।

त) **"सरसफाई निरीक्षण (Sanitary Inspection)"** भन्नाले सम्बन्धित निकायले खानेपानी प्रणालीको स्थलगत निरीक्षण गरी खानेपानी आपूर्ति प्रणालीमा देखिएका कमी कमजोरी र स्वास्थ्यका दृष्टिकोणबाट सम्भावित जोखिमहरू पहिचान गर्ने प्रक्रिया सम्झनु पर्छ।

थ) **"सुरक्षित खानेपानी"** भन्नाले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ ले तोके अनुसारको मापदण्ड पूरा भएको खानेपानी सम्झनु पर्छ।

द) **"सेवा प्रदायक"** भन्नाले उपभोक्ताका लागि सुरक्षित खानेपानी उत्पादन, प्रशोधन र वितरणमा संलग्न रहने सरकारबाट अनुमति प्राप्त संस्थाहरूलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## खानेपानी सेवाप्रदायबाट वितरित खानेपानीको गुणस्तर निगरानी सम्बन्धी क्रियाकलापहरू

**३. <u>खानेपानी सेवा प्रदायकको विवरण संकलन र अध्यावधिक गर्ने:</u>** (१) स्थानीय र जिल्ला तहको निगरानी गर्ने निकायले आफ्नो कार्यक्षेत्र भित्र रहेका सम्पूर्ण खानेपानी सेवा प्रदायकहरूको पहिचान गरी अनुसूची-१ बमोजिमको विवरण संकलन गर्नुपर्ने छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(२) उपदफा (१) बमोजिम संकलन गरिएको विवरण प्रत्येक वर्षको श्रावण मसान्त भित्र अद्यावधिक गर्नुपर्ने छ।

४. **<u>खानेपानी जन्य रोगको अध्ययन तथा विश्लेषण गर्नेः</u>** (१) निगरानी निकायले हरेक महिना कार्यक्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाबाट प्रतिवेदन भएका पानीजन्य रोगहरू जस्तैः झाडापखाला, हैजा, टाइफाईड, आउँ, हेपाटाइटिस "ए" आदि रोगको अध्ययन तथा विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अध्ययन तथा विश्लेषण गर्दा अनुसूची-२ बमोजिम गर्नुपर्नेछ।

५. **<u>खानेपानी गुणस्तर परीक्षण प्रतिवेदनको लेखाजोखा गर्नेः</u>** (१) निगरानी निकायले दफा ३ बमोजिम संकलन गरिएको विवरणबाट दफा ४ बमोजिमको अध्ययन र विश्लेषणको नतिजाको आधारमा प्राथमिकता निर्धारण गरी वर्षको कम्तीमा १ पटक सेवा प्रदायकबाट खानेपानीको गुणस्तर परीक्षण गरिएका प्रतिवेदनहरू प्राप्त गरी अनुसूची-३ बमोजिम अध्ययन गरी लेखाजोखा गर्नु पर्नेछ।

६. **<u>खानेपानीको नमूना परीक्षण गर्नेः</u>** (१) निगरानी गर्ने निकायले आवश्यकता अनुसार प्रणाली रहित खानेपानी स्रोत तथा खानेपानी सेवा प्रदायकले वितरण गरेको खानेपानीको नमुना विभिन्न महत्त्वपूर्ण बिन्दुहरू (Critical Points) बाट संकलन गरी परीक्षण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको नमूनामा अनुसूची-४ बमोजिमका पारामितिहरू परीक्षण गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जे सुकै उल्लेख भएता पनि विपद् तथा प्रकोपको अवस्थामा प्रकोपको प्रारम्भिक समय, प्रतिकार्यको समय र प्रकोप नियन्त्रण पश्चातको समयमा जोखिमको आधारमा नमूना संकलनका बिन्दुहरू पहिचान गरी नमूना संकलन र परीक्षण गर्नु पर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको परीक्षण पश्चात सम्बन्धित सेवा प्रदायकलाई निगरानी गर्ने निकायले अनुसूची-५ बमोजिमको प्रतिवेदन प्रदान गर्नु पर्नेछ।

७. **<u>सरसफाई निरीक्षण गर्नेः</u>** (१) सेवा प्रदायकले वितरण गरेको खानेपानी सम्बन्धमा उपभोक्ताबाट प्राप्त गुनासो, प्रकोप, विपद्को अवस्थामा र आवश्यकता आधारमा खानेपानी प्रणालीको सरसफाइको अवस्था निरीक्षण गर्नु पर्नेछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(२) उपदफा (१) बमोजिम सरसफाई निरीक्षण गर्दा अनुसूची-६ बमोजिमको चेकलिष्ट प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-३

## प्रशोधित खानेपानी तथा टयाङ्करबाट वितरित हुने खानेपानीको गुणस्तर निगरानी सम्बन्धी व्यवस्था

८. **प्रशोधित खानेपानी निगरानीका लागि नमूना संकलन गर्ने:** (१) निगरानी गर्ने निकायले सिलबन्दी गरिएको बोतल वा जारबाट नमुना संकलन गर्नु पर्नेछ।

९. **नमूना परीक्षण गर्ने:** (१) दफा ८ को उपदफा (१) बमोजिम संकलन गरिएको नमुना अनुसूची-७ बमोजिम विवरण संकलन तथा परीक्षण गर्नु पर्नेछ।

१०. **टयाङ्करबाट वितरित हुने पानीको गुणस्तर निगरानी गर्ने:** (१) निगरानी गर्ने निकायले घरायसी तथा पिउने प्रयोजनका लागि टयाङ्करबाट वितरण हुने खानेपानीको नमुना संकलन गरी अनुसूची-४ बमोजिमका पारामितिहरू परीक्षण गर्नु पर्नेछ।

११. **नमूना परीक्षणको रिपोर्ट उपलब्ध गराउनु पर्ने:** (१) दफा ९ र दफा १० अनुसार परीक्षण गरिएका पारामितिहरू SORMAS प्रणालीमा प्रविष्ट गरी अनुसूची-५ बमोजिमको ढाँचामा सम्बन्धित सेवा प्रदायकलाई रिपोर्ट उपलब्ध गराउनु पर्नेछ।

१२. **नमूना परीक्षणको नतिजाका आधारमा पृष्ठपोषण दिनुपर्ने:** (१) निगरानी गर्ने निकायले परीक्षण गरिएका नमूनाको नतिजाको विश्लेषण गरी आवश्यक सुधारका लागि सेवा प्रदायक तथा नियामक निकायलाई पृष्ठपोषण सहित जानकारी गराउनु पर्नेछ।

## परिच्छेद-४

## खानेपानी गुणस्तर निगरानी कार्यान्वयन गर्न सहयोगी क्रियाकलापहरू

१३. **क्षमता अभिवृद्धि गर्ने** (१) महाशाखाले निगरानी कार्यक्रम कार्यान्वयनमा ल्याउन यसमा संलग्न हुने व्यक्ति तथा संस्थाहरूको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँगको समन्वयमा आवश्यक सामग्री निर्माण गर्न सक्नेछ।

(२) निगरानी कार्यमा संलग्न हुने स्वास्थ्यकर्मीहरूलाई संघ, प्रदेश तथा स्थानीय तहका विभिन्न निकायहरूबाट खानेपानी गुणस्तर निगरानी सम्बन्धी तालिम तथा अभिमुखीकरण गर्न सकिने छ।

१४. **अभिलेख तथा प्रतिवेदन गर्नेः** (१) निगरानी गर्ने निकायले खानेपानी गुणस्तर निगरानी कार्य सम्बन्धी अभिलेख तथा प्रतिवेदन Surveillance Outbreak Response and Management System (SORMAS) मार्फत गर्नु पर्नेछ।

(२) निगरानी गर्ने निकायहरूमा SORMAS विस्तार गरी निगरानीमा संलग्न हुने जनशक्तिको क्षमता विकास गर्नुपर्नेछ।

१५. **सहयोगात्मक सुपरीवेक्षण तथा अनुशिक्षणः** (१) निगरानी कार्य प्रभावकारी रुपमा सञ्चालन भएको सुनिश्चित गर्न आवश्यकता अनुसार सहयोगात्मक सुपरीवेक्षण र अनुशिक्षण गर्नु पर्नेछ।

## परिच्छेद-५

## संरचनात्मक व्यवस्था, भूमिका तथा जिम्मेवारी

१६. **संघीय स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको भूमिकाः** (१) निगरानी कार्यको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

क) आवश्यक ऐन, नियम, नीति, रणनीति, निर्देशिका आदि निर्माण गर्ने।

ख) आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्ने।

ग) अन्तरमन्त्रालय तथा साझेदार संस्था लगायत अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्ने।

घ) निगरानी कार्यका लागि संस्थागत जिम्मेवारी तोक्ने।

ङ) अनुगमन तथा मूल्याङ्कन गर्ने।

च) मातहतका निकायहरूलाई आवश्यक निर्देशन, पृष्ठपोषण तथा मार्गदर्शन प्रदान गर्ने।

१७. **स्वास्थ्य सेवा विभाग, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको भूमिकाः** (१) खानेपानी गुणस्तर निगरानी कार्यलाई प्रभावकारी बनाउन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको भूमिका देहाय बमोजिम हुनेछः

क) मन्त्रालय, विभाग अन्तर्गतका महाशाखा तथा केन्द्रहरूसँग समन्वय र सहकार्य गरी खानेपानी गुणस्तर निगरानी कार्यको संयोजन तथा नेतृत्व गर्ने।

ख) आवश्यक स्रोतको व्यवस्था गर्न विभाग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय तथा सहयोगी निकायहरूसँग समन्वय गर्ने।

ग) आवश्यकता अनुसार निर्देशिकाको अनुसूचीमा हेरफेर वा परिमार्जन गर्ने।

घ) प्रदेश तथा स्थानीय तहलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।

ङ) राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको समन्वयमा क्षमता अभिवृद्धि सम्बन्धी सामग्री निर्माण, तथा आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने गराउने।

च) सबै तहमा अनुगमन तथा मूल्याङ्कन गरी सम्बन्धित निकायहरूलाई पृष्ठपोषण उपलब्ध गराउने र निगरानी प्रणाली संस्थागत गराउने।

छ) अभिलेख तथा प्रतिवेदन प्रणालीबाट उपलब्ध हुने तथ्याङ्कको नियमित विश्लेषण गरी नीति निर्माण र निर्णय प्रक्रियामा प्रयोग गर्ने।

**१८. <u>राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको भूमिका:</u>** (१) खानेपानी गुणस्तर निगरानी कार्य सम्बन्धमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको भूमिका देहाय बमोजिम हुनेछ:

क) खानेपानीको नमुना परीक्षण गर्ने सरकारी, निजी तथा अन्य प्रयोगशालाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

ख) प्रदेश स्थित जनस्वास्थ्य प्रयोगशालाहरूको बाह्य गुणस्तर सुनिश्चितता (External Quality Assurance) गर्ने।

ग) विपद् तथा प्रकोपको समयमा महाशाखासँगको समन्वयमा खानेपानी अनुसूची-४ बमोजिमका र आवश्यकता अनुसार अन्य परामितिहरू परीक्षण गर्ने।

घ) प्रयोगशालासँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने तालिमको पाठ्यक्रम तयार गर्न राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र तथा महाशाखा सँग समन्वय गर्ने।

ङ) खानेपानी गुणस्तर निगरानीका लागि अनुरोध भई आएमा आवश्यक सहयोग गर्ने।

च) प्रदेश जनस्वास्थ्य प्रयोगशालामा खानेपानीको गुणस्तर निगरानीका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

१९. **<u>प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालयको भूमिकाः</u>** (१) प्रदेश तहमा निगरानी कार्यलाई प्रभावकारी बनाउन प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः

क) प्रदेश तहमा निगरानी कार्यका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्ने।

ख) सङ्घ, प्रदेश तथा स्थानीय तहका सरोकारवाला निकायहरूसँग समन्वय गर्ने, सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने।

ग) स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य कार्यालयहरूलाई आवश्यक निर्देशन र पृष्ठपोषण दिने।

२०. **<u>स्वास्थ्य/सेवा निर्देशनालयको भूमिकाः</u>** (१) प्रदेश स्थित स्वास्थ्य/सेवा निर्देशनालयको भूमिका देहाय बमोजिम हुनेछः

क) प्रदेश अन्तर्गतका निकायहरू तथा स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने।

ख) अभिलेख तथा प्रतिवेदन प्रणालीबाट प्राप्त हुने तथ्याङ्कहरूको विश्लेषण गरी निर्णय प्रक्रियामा प्रयोग गर्ने।

ग) सुपरीवेक्षण, अनुशिक्षण, अनुगमन तथा मूल्याङ्कन गरी सुधारका लागि सल्लाह/सुझाव प्रदान गर्ने।

घ) विभागलाई सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने।

२१. **<u>प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भूमिकाः</u>** (१) खानेपानी गुणस्तर निगरानी कार्य सम्बन्धमा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको भूमिका देहाय बमोजिम हुनेछः

क) प्रदेश भित्र रहेका खानेपानीको नमुना परीक्षण गर्ने सरकारी, निजी तथा अन्य प्रयोगशालाको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने।

ख) प्रयोगशालासँग सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धिका लागि स्वास्थ्य निर्देशनालयको समन्वयमा तालिम प्रदान गर्ने।

ग) खानेपानी गुणस्तर निगरानीका लागि अनुरोध भई आएमा आवश्यक सहयोग गर्ने।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

घ) विपद् तथा प्रकोपको समयमा स्वास्थ्य निर्देशनालय सँगको समन्वयमा खानेपानी अनुसूची - ४ बमोजिमका र आवश्यकता अनुसार अन्य पारामितिहरू परीक्षण गर्ने।

ङ) प्रदेश जनस्वास्थ्य प्रयोगशालामा खानेपानीको गुणस्तर परीक्षणका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।

२२. **<u>स्वास्थ्य / जनस्वास्थ्य / सेवा कार्यालयको भूमिकाः</u>** (१) जिल्ला स्थित स्वास्थ्य / जनस्वास्थ्य / सेवा कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः

क) स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने।

ख) जिल्ला तहमा खानेपानी गुणस्तर निगरानी कार्यको कार्यान्वयन गरी SORMAS मा अभिलेख तथा प्रतिवेदन गर्ने र निगरानी को नतिजा सम्बन्धित सेवा प्रदायक निकायलाई जानकारी गराउने।

ग) जिल्ला तहमा तथ्याङ्कहरूको विश्लेषण गरी निर्णय प्रक्रियामा प्रयोग गर्ने।

घ) जिल्ला स्तरमा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तहहरू, लगायत अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने।

ङ) आवश्यक परेको समयमा प्रदेश स्वास्थ्य निर्देशनालयसँग समन्वय गरी परिचालित हुने।

२३. **<u>स्थानीय तहका स्वास्थ्य विभाग/महा/शाखाः</u>** (१) स्थानीय तहमा निगरानी कार्यका लागि स्वास्थ्य विभाग/महाशाखा/शाखाको भूमिका देहाय बमोजिम हुनेछः

क) स्थानीय तहमा खानेपानी निगरानी कार्यको कार्यान्वयनको आवश्यक परीक्षण किट लगायत स्रोत साधनको व्यवस्था गर्ने।

ख) कार्यक्षेत्र भित्र खानेपानी निगरानीका क्रियाकलापहरू सञ्चालन गर्ने।

ग) निगरानी बाट प्राप्त नतिजाहरू (Surveillance findings) सरोकारवालाहरू सँग प्रस्तुत गरी छलफल गर्ने।

घ) तोकिएको सूचना प्रणाली SORMAS मा अभिलेख तथा प्रतिवेदन गर्ने।

२४. **<u>स्थानीय तहमा निगरानी गर्ने स्वास्थ्य संस्थाको भूमिकाः</u>** (१) स्थानीय तहले निगरानीका लागि तोकेको स्वास्थ्य संस्थाको भूमिका देहाय बमोजिम अपेक्षा गरिएको छः

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

क) स्थानीय तह भित्र निगरानीका कार्यहरू, लगत संकलन, सेवा प्रदायकको प्रतिवेदन लेखाजोखा, सरसफाई निरीक्षण तथा नमूना परीक्षण गर्ने।

ख) नमुना परीक्षणको नतिजाहरू तोकिएको अभिलेख तथा प्रतिवेदन प्रणालीमा प्रविष्टि गर्ने।

ग) सेवा प्रदायकलाई निगरानी कार्यको नतिजा उपलब्ध गराउने।

घ) निगरानीबाट प्राप्त नतिजाहरूलाई स्थानीय निगरानी समिति समक्ष राखि छलफल गर्ने।

ङ) प्रकोप तथा विपद्को समयमा जिल्ला स्थित स्वास्थ्य कार्यालय तथा अन्य स्थानीय तह सँग समन्वय गरी निगरानीका कार्यहरूमा परिचालित हुने।

च) संघ, प्रदेश, जिल्ला तथा स्थानीय तहबाट प्राप्त सुझाव तथा पृष्ठपोषण कार्यान्वयन गर्ने।

छ) निगरानी सम्बन्धमा स्थानीय निगरानी समितिले तोके बमोजिम कार्यहरू गर्ने।

**२५. <u>साझेदार संघ संस्थाहरूको भूमिकाः</u>** (१) संघ प्रदेश तथा स्थानीय तहमा कार्यरत साझेदार संघ संस्थाहरूको भूमिका देहाय बमोजिम हुनेछः

क) सङ्घ, प्रदेश र स्थानीय तहमा निगरानी सम्बन्धी विविध क्रियाकलापहरू जस्तै क्षमता अभिवृद्धि, सामग्री विकास तथा निर्माण, जनचेतना अभिवृद्धि, सामाजिक परिचालन लगायतका क्रियाकलापहरू सञ्चालन गर्न सम्बन्धित तहको सरकारलाई आवश्यक प्राविधिक सहयोग गर्ने।

## परिच्छेद-६

## खानेपानी गुणस्तर निगरानी सम्बन्धी समितिहरूको व्यवस्था

२६. **<u>संघीय खानेपानी गुणस्तर निगरानी समन्वय समितिको गठन र भूमिकाः</u>** (१) संघीय तहमा देहाय बमोजिमको खानेपानी गुणस्तर निगरानी समन्वय समिति रहने छ:

| | | |
|---|---|---|
| क) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | संयोजक |
| ख) | उप-महानिर्देशक, सेवा नियमन तथा समन्वय महाशाखा,खानेपानी तथा ढल व्यवस्थापन विभाग | सदस्य |
| ग) | उप-महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| घ) | निर्देशक, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | सदस्य |
| ङ) | कार्यकारी निर्देशक, काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | सदस्य |
| च) | निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | सदस्य सचिव |

*समितिले आवश्यकता अनुसार सरोकारवाला निकायका प्रतिनिधि तथा विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ।*

(२) उपदफा (१) बमोजिम गठित समितिको भूमिका देहाय बमोजिम हुनेछः

क) खानेपानी निगरानीका लागि आवश्यक साधन स्रोतको व्यवस्था गर्ने।

ख) मन्त्रालयलाई खानेपानी गुणस्तर निगरानी सम्बन्धी नीति नियम मापदण्ड आदिको निर्माण सुझाव तथा सहयोग प्रदान गर्ने।

ग) संघीय, प्रादेशिक तथा स्थानीय तहमा खानेपानी गुणस्तर निगरानी गर्ने निकायहरूलाई पृष्ठपोषण, सुझाव तथा मार्गदर्शन प्रदान गर्ने।

घ) संघीय खानेपानी गुणस्तर निगरानी समितिले पेश गरेका निगरानी सम्बन्धी प्रगति, प्रतिवेदन, समस्या, राय विषयमा समिक्षा गरी मार्गनिर्देशन तथा पृष्ठपोषण प्रदान गर्ने।

ङ) खानेपानी गुणस्तर सुधारका लागि अन्तरमन्त्रालय समन्वय गर्ने।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक वर्षको कम्तीमा एक पटक र आवश्यकता अनुसार बस्न सकिनेछ।

२७. **<u>संघीय खानेपानी गुणस्तर निगरानी समितिको गठन र भूमिकाः</u>** (१) संघीय तहमा देहाय बमोजिमको संघीय खानेपानी गुणस्तर निगरानी समिति रहने छ:

| | | |
|---|---|---|
| क) | निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा | संयोजक |
| ख) | प्रमुख, माईक्रोबाईलोजी शाखा, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | सदस्य |
| ग) | प्रतिनिधि (उपसचिवस्तर,खानेपानी गुणस्तर शाखा हेर्ने), खानेपानी तथा ढल व्यवस्थापन विभाग | सदस्य |
| घ) | प्रतिनिधि (उपसचिवस्तर), काठमाडौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड | सदस्य |
| ङ) | प्रतिनिधि (उपसचिव स्तर), खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| च) | प्रमुख, रोग निगरानी तथा अनुसन्धान शाखा | सदस्य सचिव |

*समितिले आवश्यकता अनुसार सम्बन्धित् विषयका विज्ञ एवं सरोकारवालालाई बैठकमा आमन्त्रिण गर्न सक्नेछ।*

(२) उपदफा (१) बमोजिम गठित समितिको भूमिका देहाय बमोजिम हुनेछ:

क) खानेपानी गुणस्तरको नियमित निगरानीका लागि वार्षिक कार्ययोजना तयार गर्ने।

ख) विपद् तथा प्रकोपको समयमा खानेपानी गुणस्तर निगरानी कार्यलाई प्राथमिकताका साथ सञ्चालन गर्न विभिन्न निकाय तथा सरोकारवालाहरू सँग समन्वय गर्ने।

ग) निगरानीलाई देशभर प्रभावकारीरुपमा सञ्चालन गर्नका लागि राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रसँग समन्वय गरी तालिम स्रोत सामाग्रीमा राय सुझाव प्रदान गर्ने।

घ) विद्यमान खानेपानी गुणस्तर निगरानी सम्बन्धी दस्तावेजहरूको समिक्षा गरी आवश्यक परिमार्जनको लागि विभागलाई सुझाव प्रदान गर्ने।

ङ) निगरानीको लागि सम्बन्धित जनशक्तिहरूको क्षमता अभिवृद्धिका लागि सहजीकरण गर्ने।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

च) खानेपानी गुणस्तर निगरानी कार्यलाई सुदृढ र प्रभावकारी बनाउन आवश्यक पर्ने ऐन, नियम, नीति तथा निर्देशिका तयार गर्नको लागि संघीय समन्वय समितिलाई सुझाव प्रदान गर्ने र सहयोग गर्ने।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्न सकिनेछ।

२८. **<u>प्रदेश खानेपानी गुणस्तर निगरानी समितिको गठन र भूमिका:</u>** (१) प्रदेश तहमा खानेपानी गुणस्तर निगरानी कार्यलाई सहजीकरण गरी प्रभावकारी तुल्याउनको निमित्त देहाय बमोजिमको प्रदेश स्तरीय खानेपानी गुणस्तर निगरानी समितिको गठन गर्न सकिने छ:

| | | |
|---|---|---|
| क) | महा/निर्देशक, प्रदेश स्वास्थ्य/सेवा निर्देशनालय | संयोजक |
| ख) | प्रमुख, जनस्वास्थ्यसंग सम्बन्धित महाशाखा, स्वास्थ्य हेर्ने मन्त्रालय | सदस्य |
| ग) | प्रमुख, खानेपानीसँग सम्बन्धित महाशाखा, खानेपानी हेर्ने मन्त्रालय | सदस्य |
| घ) | प्रमुख, प्रादेशिक अस्पतालहरू मध्येबाट संयोजकले मनोनित गरेको १ जना | सदस्य |
| ङ) | प्रमुख/प्रतिनिधि, प्रदेश जनस्वास्थ्य प्रयोगशाला | सदस्य |
| च) | प्रमुख, प्रदेशमा रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय | सदस्य |
| छ) | प्रमुख, रोग निगरानी सम्बन्धी महाशाखा, स्वास्थ्य निर्देशनालय | सदस्य सचिव |

*प्रदेशले समितिको संरचना आवश्यकता अनुसार हेरफेर गर्न तथा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ एवं सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।*

(२) उपदफा (१) बमोजिम गठित समितिको भूमिका देहाय बमोजिम हुनेछ:

क) प्रदेश अन्तर्गत खानेपानी गुणस्तर निगरानीका लागि नियामक निकाय, सेवाप्रदायक र साझेदार संस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गर्ने।

ख) प्रदेश भित्र विपद् तथा प्रकोपको समयमा प्रदेश जनस्वास्थ्य प्रयोगशालामा नियमित खानेपानी परीक्षणको व्यवस्थापनमा सहजीकरण गर्ने।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

ग) प्रदेश अन्तर्गतका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरूबाट निरन्तर निगरानी भएको सुनिश्चित गर्ने र आवश्यकता अनुसार सहजीकरण गर्ने।

घ) प्रदेश भित्र खानेपानी गुणस्तर निगरानीलाई प्रभावकारी बनाउनका लागि आवश्यक स्रोत र साधनका लागि प्रदेश स्थित स्वास्थ्य हेर्ने मन्त्रालय, विभाग, मन्त्रालय तथा साझेदार संघ संस्थाहरूसँग समन्वय गर्ने।

ङ) खानेपानी गुणस्तर निगरानी गर्ने जनशक्तिहरूको क्षमता अभिवृद्धि गर्नका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।

च) जिल्ला स्तरीय खानेपानी गुणस्तर निगरानी समिति मार्फत प्राप्त खानेपानी गुणस्तर निगरानीको नतिजा समिक्षा गर्ने, सूचनाको विश्लेषण गर्ने र पृष्ठपोषण प्रदान गर्ने।

(३) उपदफा (१) बमोजिम गठित समितिको बैठक वर्षको कम्तीमा दुई पटक र आवश्यकता अनुसार बस्न सकिनेछ।

२९. **<u>जिल्ला खानेपानी गुणस्तर निगरानी समितिको गठन र भूमिकाः</u>** (१) जिल्ला तहमा खानेपानी गुणस्तर निगरानी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिमको जिल्ला स्तरीय खानेपानी गुणस्तर निगरानी समिति गठन गर्न सकिने छः

| | | |
|---|---|---|
| क) | प्रमुख, जिल्ला जन/ स्वास्थ्य कार्यालय/स्वास्थ्य सेवा कार्यालय | संयोजक |
| ख) | प्रमुख वा प्रतिनिधि , प्रदेश/जिल्ला अस्पताल | सदस्य |
| ग) | प्रमुख वा प्रतिनिधि, सम्बन्धित जिल्ला स्थित प्रदेशस्तरको खानेपानी तथा सरसफाइ डिभिजन/कार्यालय वा संघीयस्तरको खानेपानी तथा ढल व्यवस्थापन कार्यालय | सदस्य |
| घ) | प्रतिनिधि, साझेदार संघसंस्था मध्येबाट संयोजकले तोकेको १ जना | सदस्य |
| ङ) | खानेपानी गुणस्तर निगरानी कार्यक्रम हेर्ने सम्पर्क ब्यक्ति | सदस्य सचिव |

*जन/स्वास्थ्य/सेवा कार्यालयले समितिको संरचना आवश्यकता अनुसार हेरफेर गर्न तथा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ एवं सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।*

(२) उपदफा (१) बमोजिम गठित समितिको भूमिका देहाय बमोजिम हुनेछः

क) जिल्ला स्तरमा नियमित निगरानी कार्य भएको सुनिश्चित गर्ने तथा नियमित समिक्षा गर्ने।

ख) निगरानी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियामक निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालाहरू समन्वय र सहजीकरण गर्ने।

ग) स्वास्थ्य कार्यालयमा र सबै स्थानीय तहमा खानेपानीको नियमितरुपमा नमूना परीक्षण गर्ने व्यवस्थाका लागि सहजीकरण गर्ने।

घ) स्थानीय तहमा खानेपानीको गुणस्तर निगरानी गर्ने जनशक्तिको क्षमता अभिवृद्धि गर्नका लागि प्रदेश तथा अन्य निकायसँग समन्वय गर्ने।

ङ) जिल्ला भित्र विपद् तथा पानीजन्य रोगहरूको प्रकोपको समयमा खानेपानीको गुणस्तर निगरानी कार्यलाई प्रभावकारी बनाउन सहजीकरण गर्ने।

च) स्थानीय तहसँग समन्वय गरी जिल्ला भित्र रहेका सेवा प्रदायक निकायहरूलाई नियमित पृष्ठपोषण प्रदान गर्ने।

(३) उपदफा (१) बमोजिम समितिको बैठक वर्षको कम्तीमा २ पटक र आवश्यकता अनुसार बस्न सकिनेछ।

३०. <u>स्थानीय खानेपानी गुणस्तर निगरानी समितिको गठन तथा भूमिकाः</u> (१) स्थानीय तहमा निगरानी कार्यलाई सहजीकरण गर्ने तथा प्रभावकारी बनाउन देहाय बमोजिमको स्थानीय खानेपानी गुणस्तर निगरानी समितिको गठन गर्न सकिनेछः

| | | |
|---|---|---|
| क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) | प्रमुख, शिक्षा हेर्ने विभाग/महाशाखा/शाखा | सदस्य |
| ग) | स्थानीय आधारभूत अस्पतालमा कार्यरत प्रयोगशाला ईन्चार्ज | सदस्य |

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

घ) प्रमुख, खानेपानी तथा सरसफाइ हेर्ने इकाई — सदस्य

ङ) प्रमुख, स्वास्थ्य विभाग/महा/शाखा — सदस्य सचिव

*स्थानीय तहले आवश्यकता अनुसार समितिको संरचना हेरफेर गर्न तथा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।*

(२) उपदफा (१) बमोजिम गठित समितिको भूमिका देहाय बमोजिम हुनेछः

क) स्थानीय तहमा निगरानीका निमित्त आवश्यक पर्ने सामग्री तथा साधन स्रोतको व्यवस्थापन गर्ने।

ख) स्थानीय तहमा खानेपानी गणस्तर निगरानीका लागि प्रयोगशालाकर्मी कार्यरत आधारभूत अस्पताल वा स्वास्थ्य संस्थालाई निगरानी कार्यका लागि जिम्मेवारी प्रदान गर्ने।

ग) स्थानीय तहमा निगरानी कार्य भएको सुनिश्चित गर्ने।

घ) विपद् तथा प्रकोपको समयमा समयमा खानेपानीको गुणस्तर निगरानीलाई प्रभावकारी बनाउन जिल्ला तथा प्रदेश तहका समितिहरूसँग समन्वय गर्ने।

ङ) निगरानी कार्य सम्बन्धि विवरणहरू तोकिएको अभिलेख तथा प्रतिवेदन प्रणालीमा प्रविष्टि भएको सुनिश्चित गर्ने।

च) स्थानीय तहमा भए गरेको निगरानीको समिक्षा गरी नियामक निकाय, सेवा प्रदायक तथा अन्य सम्बन्धित निकायलाई पृष्ठपोषण प्रदान गर्ने।

छ) सुरक्षित खानेपानीको महत्व र प्रयोग सम्बन्धमा समुदायमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सम्बन्धित शाखा वा संस्थालाई सहयोग गर्ने।

(३) उपदफा (१) बमोजिम समितिको बैठक वर्षको कम्तीमा २ पटक र आवश्यकता अनुसार बस्न सकिनेछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## परिच्छेद-७

## निगरानी र नियामक निकाय बीचको समन्वय

**३१. <u>सूचनाको आदानप्रदान गर्ने:</u>** (१) सङ्घ, प्रदेश र स्थानीय तहमा निगरानी गर्ने निकाय र नियामक निकायबीच मा नियमित रुपमा खानेपानी निगरानी तथा नियमनको सूचनाको आदान प्रदान गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना आदान प्रदानको निमित्त निगरानी निकाय र नियामक निकायहरूले प्रयोग गर्ने सूचना प्रणाली बीचमा स्वचालित सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

**३२. <u>विपद् तथा प्रकोपको समयमा सहकार्य गर्ने:</u>** (१) विपद् तथा प्रकोपको समयमा सेवा प्रदायक सहितको सहभागितामा निगरानी र नियामक निकायहरूबीच संयुक्त रुपमा पानीजन्य रोगको रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरू सञ्चालन गर्नु पर्नेछ।

**३३. <u>खानेपानी गुणस्तर सम्बन्धी समिक्षा गर्ने:</u>** (१) सेवाप्रदायक, नियामक निकाय र निगरानी निकायहरूबाट सम्पादित क्रियाकलापहरूको कम्तीमा वार्षिक रुपमा समिक्षा गर्नु पर्नेछ।

## परिच्छेद-८

## विविध

**३४. <u>मार्गदर्शन हुने:</u>** प्रदेश र स्थानीय तहले खानेपानी गुणस्तर निगरानी सम्बन्धी निर्देशिका वा अन्य कुनै दस्तावेज तयार गर्दा यस निर्देशिकालाई मार्गदर्शनको रुपमा प्रयोग गर्ने सकिनेछ।

**३५. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u>** स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यस निर्देशिका कार्यान्वयन गर्दा आईपर्ने बाधा अड्काउ फुकाउन सक्नेछ।

**३६. <u>खारेजी:</u>** राष्ट्रिय खानेपानी गुणस्तर निगरानी निर्देशिका २०७० (प्रथम संशोधन २०७६) खारेज गरिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-१

### खानेपानी सेवा प्रदायकहरूको विवरण संलकन गर्ने फारम

(निर्देशिकाको दफा ३ को उपदफा १ सँग सम्बन्धित)

जिल्लाः

स्थानीय तहको नामः

| क.सं. | खानेपानी आयोजनाको नाम | आयोजनाको प्रकार (भूमिगत/सतही) | आयोजना रहेको स्थानीय तह | वडा नं | लाभान्वित घरधुरी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-२

## पानीजन्य रोगहरूको अध्ययन तथा विश्लेषण गर्न तथ्याङ्क संकलन गर्ने फारम

(निर्देशिकाको दफा ४ उपदफा १ सँग सम्बन्धित)

आ.व.: महिनाः तथ्याङ्क श्रोतः HMIS, EWARS, SORMAS

| महिना | बिरामी संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | झाडापखाला Acute Gastroenteritis (AGE)/Diarrhea | हैजा (Cholera) | टाइफाइड (Typhoid) | आउँ (Dysentry) | हेपाटाइटिस "ए" (Hepatitis A) | हेपाटाईटिस "ई" (Hepatitis E") |
| श्रावण | | | | | | |
| भाद्र | | | | | | |
| असोज | | | | | | |
| कार्तिक | | | | | | |
| मंसीर | | | | | | |
| पौष | | | | | | |
| माघ | | | | | | |
| फाल्गुण | | | | | | |
| चैत्र | | | | | | |
| वैशाख | | | | | | |
| जेष्ठ | | | | | | |
| असार | | | | | | |

अभिलेख तयार गर्ने:

हस्ताक्षरः

नामः

पदः

मितिः

प्रमाणित गर्नेः

हस्ताक्षरः

नामः

पदः

मितिः

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-३

## खानेपानी गुणस्तर लेखाजोखा फारम

(निर्देशिकाको दफा ५ उपदफा १ सँग सम्बन्धित)

खानेपानी आयोजनाको नामः आयोजनाको कोड (उपलब्ध भएसम्म):

स्थानीय तहको नाम र ठेगानाः लाभान्वित जनसङ्ख्याः

खानेपानीको स्रोत नाम र प्रकारः (उदाहरणको लागि नामः मेलम्ची, प्रकारः नदी)

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका २०७९ उपलब्ध | | | |
| २ | खानेपानी सुरक्षा योजना सँग सम्बन्धित | | | |
| | क)सेवा प्रदायकले तालिम प्राप्त गरेको | | | |
| | ख)सेवा प्रदायकले तालिम प्राप्त गरी खानेपानी सुरक्षा टोली गठन भएको | | | |
| | ग) खानेपानी सुरक्षा योजनाको सबै चरण पुरा भई निरन्तर रुपमा खानेपानी सुरक्षा योजना प्रतिवेदन अध्यावधिक भएको | | | |
| ३ | खानेपानी सुरक्षा प्रमाणीकरण योजना कार्यान्वयन भई तोकिएको आवृति (frequency) मा पारामितिहरूको परीक्षण भएको | | | *(तल उल्लिखित तालिका अनुरुप खानेपानी नमुना परीक्षणको अभिलेख हेर्ने)* |
| ४ | खानेपानी सुरक्षा योजना प्रतिवेदन अध्यावधिक भई अडिट भएको | | | *(अडिट भएको छ भने अन्तिम अडिट मिति र अडिट स्कोर उल्लेख गर्ने)* |
| ५ | खानेपानी आयोजनाले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ को तालिका (क) अनुसार सबै अनिवार्य पारामितिहरूको परीक्षण गरी आधार तथ्यांक तयार गरेको | | | |
| ६ | उपभोक्ताको गुनासो र सम्बोधनको अभिलेख गरेको (समयावधि सहित) | | | |

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
| --- | --- | --- | --- | --- |
| ७ | आयोजनामा क्लोरिन प्रयोग गरी हरेक लाईनको सबै भन्दा टाढाको अन्तिम धारामा क्लोरिन अवशेषको मात्रा परीक्षण गरी अभिलेख राख्ने गरेको | | | |
| ८ | नियामक निकायबाट परिपालन (Compliance) अनुगमन भएको | | | |
| ९ | यस अघि खानेपानी गुणस्तर निगरानी भएको | | | |
| १० | खानेपानी गुणस्तर निगरानीको नतिजा SORMAS मा रिपोर्टिङ भएको | | | |

खानेपानी नमूना परीक्षण गरिने गरेको भएमा सो को अभिलेख

| क्र.स. | परामितिहरू | अन्तिम परीक्षण मितिः | परीक्षण नतिजा (Value उल्लेख गर्ने) | आवृति (उदाहरणः दैनिक) |
| --- | --- | --- | --- | --- |
| १ | E. Coli | | | |
| २ | pH | | | |
| ३ | Turbidity | | | |
| ४ | FRC | | | |

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-४

### अनिवार्य रुपमा परीक्षण गर्नुपर्ने पारामिति (Mandatory Parameters to Test)

(निर्देशिकाको दफा ६ को दफा २ सँग सम्बन्धित)

| क्र.सं. | पारामितिहरू (Parameters) | एकाई (Unit) | अधिकतम सघनन सिमा (Maximum Concentration Limit)/ Range | |
|---|---|---|---|---|
| | | | टयाङ्कर तथा आयोजनाबाट वितरित खानेपानीको हकमा | प्रशोधित खानेपानीको हकमा |
| १ | धमिलोपना (Turbidity) | NTU | ५ | ५ |
| २ | हाइड्रोजन विभव (pH level) | | ६.५ - ८.५ | ६-८.५ |
| ३ | क्लोरिन अवषेशको मात्रा (Free Residual Cholorine) | mg/L | 0.1-0.5 | Not Applicable |
| ४ | E.coli | CFU/ 100 ml | 0 | 0 |

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-५

## खानेपानी गुणस्तर निगरानी अन्तर्गत खानेपानी नमुना परीक्षण रिपोर्टको ढाँचा

(निर्देशिकाको दफा ६ को उपदफा ४ सँग सम्बन्धित)

**......... सरकार**

**.........कार्यालय/विभाग/महाशाखा/शाखा**

**(कार्यालयको लेटरप्याड)**

खानेपानी आयोजना/उत्पादकको नामः आयोजनाको कोड (उपलब्ध भएसम्म):

स्थानीय तहको नाम र ठेगानाः

नमुना संकलन मितिः परीक्षण गरिएको मितिः

नमुनाको प्रकार (उदाहरणः धाराको पानी, जारको पानी, ट्याङ्कीको पानी, बोतलको पानी):

| क्र.सं. | पारामितिहरू | प्राप्त नतिजा | परीक्षण विधि (किट/ल्याव) | Reference Range | कैफियत (पिउन योग्य/ अयोग्य) |
|---|---|---|---|---|---|
| १ | धमिलोपन (Turbidity) | | | | |
| २ | हाइड्रोजन विभव (pH level) | | | | |
| ३ | क्लोरिन अवषेशको मात्रा (Free Residual Cholorine) | | | | |
| ४ | E.coli | | | | |
| ५ | अन्य............ | | | | |

रिपोर्ट तयार गर्ने
हस्ताक्षर
नाम
पद
मिति

प्रमाणित गर्ने
हस्ताक्षर
नाम
पद
मिति

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## अनुसूची-६

## सरसफाई निरीक्षण फारम

(निर्देशिकाको दफा ७ उपदफा १ सँग सम्बन्धित)

| क्र.सं. | विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १ | स्रोत/ मुहान संरक्षण गरिएको | | | |
| २ | खानेपानी प्रसारण (मुहान देखि ट्याङ्की सम्म) पाईप टुटेफुटेको | | | |
| ३ | खानेपानी ट्याङ्की (Reservoir Tank) टुटेफुटेको/चुहावट भएको | | | |
| ४ | भल्भ च्याम्बर लगायत अन्य संरचना टुटेफुटेको/चुहावट भएको | | | |
| ५ | खानेपानी ट्याङ्की सरसफाई गरिएको तथा राम्रो सँग छोपिएको (ढक्कन, जाली तथा तारबार) | | | |
| ६ | क्लोरिनेसन गरिएको (खानेपानी वितरण गर्नु अघि) | | | |
| ७ | वितरण पाईप (खानेपानी ट्याङ्की देखि उपभोक्ता सम्म) टुटेफुटेको /चुहावट भएको | | | |
| ८ | घरायसी स्तरमा खानेपानी प्रशोधन गरिएको | | | |
| ९ | घरायसी स्तरमा खानेपानी छोपिएको तथा सुरक्षित भाँडोमा भण्डारण गरिएको | | | |
| १० | चर्पीको प्रयोग तथा व्यक्तिगत सरसफाई नियमित गर्ने गरिएको | | | |

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## अनुसूची-७

## प्रशोधित खानेपानीको गुणस्तर निगरानी गर्नु पर्ने विवरण तथा नमुना संकलन विधि

(निर्देशिकाको दफा (९) को उपदफा १ सँग सम्बन्धित)

सिलबन्दी बोतल वा जारबाट नमुना संकलन तथा परीक्षण गर्दा निम्न लिखित विवरणहरू संकलन तथा परीक्षण गर्नुपर्नेछ।

१) लेबलमा उल्लेख गरिएको DFTQC नं..........

२) ब्याच नं .............

३) उत्पादन मिति ......

४) उपभोग्य मिति (म्याद गुज्रिने मिति)......

५) प्रशोधन विधि (लेबलमा उल्लेख भए बमोजिम).................

६) सुरक्षण सिलको अवस्थाः ठीक भएको / ठीक नभएको

७) भौतिक निरीक्षणः

क) जार वा बोतलको अवस्थाः ठीक अवस्थामा रहेको / कुचिएको / फुटेको / लेउ जमेको

ख) जार वा बोतलको पानीमा बाह्य पदार्थ: देखिएको / नदेखिएको

८) नमुना संकलन मितिः

९) नमुना परीक्षण मिति

१०) नतिजा (Results)

क) E.Coli ............ CFU/100 ml

ख) pH ..........

ग) Total dissolved solids: ......... mg/L

घ) Turbidity: ..................... NTU

नमुना संकलन विधिः

क) *सिलबन्दी बोतलको खानेपानी नमुना संकलन विधिः सिलबन्दी गरिएको बोतलको खानेपानी नुमना संकलन गर्दा बजारमा वितरित सिलबन्दी गरिएको बोतल नै नमुनाको रुपमा लिनु पर्दछ।*

*ख) जारको खानेपानी नमुना संकलन विधिः बजारमा बिक्री वितरणका लागि राखिएको सिलबन्दी गरिएको जारबाट नमुना प्रदुषित नहुने गरी कम्तीमा २०० मि.लि. नमुना निर्मलीकरण गरिएको बोतलमा संकलन गर्नुपर्नेछ वा सम्भव भएमा जारबाटै सिधै परीक्षण गर्न सकिने छ।*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य तथा जनसङ्ख्या

नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

टेकु, काठमाडौं